# झोला कथासङ्ग्रहका कथाहरूमा मनोविज्ञान

**डा यज्ञप्रसाद गुरागाईं, उपप्राध्यापक (नेपाली विभाग), धनकुटा बहुमुखी क्याम्पस, धनकुटा**
Orcid Id : https://orcid.org/0009-0005-1497-2999
Email : guragain.yagya@gmail.com

**लेखसार**

कृष्ण धरावासीकृत झोला कथासङ्ग्रहमा रहेका कथाहरूको मनोविज्ञानपरक अध्ययन यस लेखमा गरिएको छ । झोला कथासङ्ग्रहमा जम्मा १२ ओटा कथाहरू समेटिएका छन् । यी कथाहरूमा मनोविज्ञानको प्रयोगको अवस्था के कस्तो छ भन्ने मूल प्राज्ञिक समस्याअनुरूप उक्त कथाहरूमा प्रयोग भएका मनोविज्ञानको प्रयोगावस्था पत्ता लगाउने उद्देश्य यस लेखमा लिइएको छ । मनोविज्ञान भनेको मान्छे तथा पशुहरूको व्यवहारको अध्ययन गर्ने विज्ञान हो । झोला कथासङ्ग्रहमा रहेका विभिन्न कथाहरूमा मानवीय पात्रहरूमा बालमनोविज्ञान, यौनमनोविज्ञान र अपराधमनोविज्ञानजन्य व्यवहार अभिव्यक्त भएकाले यहाँ उक्त कथासङ्ग्रहका कथाहरूलाई अध्ययनका लागि चयन गरिएको छ । यस कथासङ्ग्रहका कथाका सान्दर्भिक प्रयोगहरूलाई प्राथमिक स्रोतका सामग्री र विभिन्न पुस्तक तथा लेखरचनाहरूलाई द्वितीय स्रोतका सामग्री मानेर ती दुवै स्रोतका सामग्रीलाई यहाँ उपयोग गरिएको छ । सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट गरिएको छ भने तिनको प्रस्तुतीकरण विश्लेषणात्मक विधिबाट गरिएको छ । गुणात्मक ढाँचाको अवलम्बन गरी लेखिएको यस लेखमा सामग्रीको विश्लेषणका निमित्त बालमनोविज्ञान, यौनमनोविज्ञान तथा अपराधमनोविज्ञानलाई सूचकका रूपमा उपयोग गरिएको छ । यी सूचकका आधारमा गरिएको विश्लेषणबाट झोला कथासङ्ग्रहका धेरैजसो कथाहरूमा मनोविज्ञानको प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

*मुख्य शब्दावली* : बालमनोविज्ञान, यौनमनोविज्ञान, अपराधमनोविज्ञान, कामवृत्ति

Article's information : Manuscript received 2024/10/07, Date of review : 2025/01/15, Date of manuscript acceptance 2025/02/26 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.76042
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

कृष्ण धरावासी (२०१७) नेपाली साहित्यमा सुपरिचित नाम हो । यिनले कथा, उपन्यास, निबन्ध, कविता तथा समालोचनाका क्षेत्रमा कलम चलाएका छन् । यिनले हामी अङ्कहरू (गद्य कवितासङ्ग्रह), *झोला* (कथासङ्ग्रह), *बालक हराएको सूचना* (निबन्धसङ्ग्रह), *उन्मुक्तिका आवाजहरू* (कवितासङ्ग्रह), *लीला लेखन* (समालोचना), *नारीभित्र त्यस्तो के छ हजुर* (निबन्धसङ्ग्रह), *उत्तमसिं सिजापतिको आलु* (निबन्धसङ्ग्रह), *आधा बाटो* (उपन्यास), *पाठकको अदालतमा* (निबन्धसङ्ग्रह), तेस्रो आयाम र वैरागी काइँला (समालोचना), *राधा* (उपन्यास), *पाण्डुलिपि* (उपन्यास), *टुडाल* (उपन्यास), *आमा* (कथासङ्ग्रह), *शरणार्थी* (उपन्यास), *गेस्टापो* (उपन्यास), तथा *लीलाबोध* (समालोचना) प्रकाशित गरिसकेका छन् । यिनीद्वारा रचना गरिएको कथासङ्ग्रह *झोला* नेपाली साहित्यमा निकै चर्चित कृति हो । यस सङ्ग्रहमा 'झोला', 'ठेकुवाकी

आमा', 'ती दिन कहिले आउलान्', 'उनीहरूले गीत कहिले गाए', 'साँधु काट्नु', भो छाड्नुस् ती पुराना कुरा', इस्कुस', 'विश्वास', 'एउटा सानो केटो', 'मह' 'मास्टर बाबु' र 'बसकी केटी' गरी बाह्रओटा कथाहरू सङ्गृहीत छन्।

मनोविज्ञान भनेको मनको अध्ययन गर्ने विज्ञान हो। यो यस्तो विज्ञान हो जसले मानिस र पशुहरूको व्यवहारको अध्ययन गर्दछ (शर्मा, सन् १९८४, पृ. २)। यस अर्थमा मानिस र पशुका स्वभावजन्य व्यवहारहरूको अध्ययन गर्ने विज्ञानलाई मनोविज्ञान भन्न सकिन्छ। सिन्हा र मिश्रका अनुसार मनोविज्ञान भनेको वातावरणमा संयोजित अनुभूति र व्यवहारका बिचको सम्बन्धको अध्ययन गर्ने सक्षम विज्ञान हो। उनीहरूको यस भनाइमा मनोविज्ञान भन्नाले व्यक्तिले अनुभव गरेको अनुभूति र उसले गर्ने व्यवहारका बिचमा भएको सम्बन्धको अध्ययन गर्ने शास्त्र हो भन्ने बुझिन्छ। मनोविज्ञानले बालकका स्वभाव, आचरण, रुचि, वा चाहना तथा समस्याहरूको अध्ययन पनि गर्दछ। यस प्रकारको अध्ययन गर्ने विज्ञानलाई बालमनोविज्ञान भनिन्छ। हिलगार्ड, पियाजे आदि विद्वान्हरूले बालमनोविज्ञानको अध्ययन गरी यससम्बन्धी सिद्धान्त प्रतिपादन गरेको पाइन्छ।

यस्तै मानिसका यौन जीवनको अध्ययन गर्ने विज्ञानलाई यौनमनोविज्ञान भनिन्छ। पाश्चात्य जगत्का मनोचिकित्सक सिग्मन्ड फ्रायडले व्यक्ति मनको अवस्थाको अध्ययन गरी मनोलोकलाई विश्वसमक्ष प्रस्तुत गर्ने क्रममा मनुष्यको यौनजीवन र मनको सिद्धान्त प्रस्तुत गरेका छन्। यसर्र्थ यो मनोविज्ञानअन्तर्गतको मनोविश्लेषण सिद्धान्तमा चर्चित विषय हो। यौनलाई परिभाषित गर्दै फ्रायडले दुवै लिङ्गहरूको अन्तर या भेदसँग सम्बन्धित प्रत्यक कुरा यौन हो भनेका छन् (फ्रायड, २०७२/७३, पृ. १२७)। मनको सिद्धान्तमा फ्रायडले मनको आकारात्मक पक्ष र गत्यात्मक पक्षको चर्चा गरेका छन्। आकारात्मक पक्षअन्तर्गत चेतन, अवचेतन र अचेतन मनको विवेचना गरेका छन् भने गत्यात्मक पक्षअन्तर्गत इद, अहम् र उच्चाहम्को विवेचना गरेका छन्। गत्यात्मक पक्षले मनमा उत्पन्न हुने परस्पर विरोधी प्रवृत्तिहरूका बिचको सङ्घर्षको अवस्थालाई जनाउने गर्दछ अनि आकारात्मक पक्षले उक्त सङ्घर्षको स्थललाई जनाउँछ भन्ने फ्रायडको मत छ (शर्मा र लुइटेल, २०७२, पृ. १८६)। बाह्य वातावरणसँग सम्पर्कमा रहने मनको माथिल्लो भागलाई चेतन मन भनिन्छ। यो मनको तात्कालिक ज्ञानसँग सम्बद्ध हुन्छ। अवचेतन मन स्मृति वा इच्छाको भण्डारका रूपमा रहन्छ। बिर्सिरहेको कुरालाई तत्काल चेतनमा पठाएर पुनःस्मरण गराउन यसले सहयोग गर्दछ। अर्थात् परिस्थिति अनुकूल बन्नासाथ पुनःस्मरण गराउने कार्य यसले गर्दछ। अचेतन मन चाहिँ सबैभन्दा ठुलो आकारमा रहेको मनको त्यस्तो भाग हो जसमा विस्मरणमा रहेका स्मृतिहरू सञ्चित हुन्छन् र व्यक्तिले स्वेच्छाले तिनलाई स्मरण गर्न सक्दैन। फ्रायडले चेतन, अवचेतन र अचेतन मनलाई पानीमा रहेको बरफसँग तुलना गरेका छन्। पानीको सतहभन्दा बाहिर देखिएको बरफको सानो भाग नै चेतन मन, पानीभित्र नदेखिने अवस्थामा रहेको बरफको ठुलो भाग अचेतन मन र पानीभित्र रहेको तर नजिकै जाँदा मात्र देखिने बरफको भाग चाहिँ अवचेतन मन जस्तो हो भन्ने उनको धारणा रहेको छ।

गत्यात्मक पक्षमा रहेको इद अराजक अवस्थामा रहन्छ। यसले समाजका नियम कानुन तथा नैतिकताको ख्याल नगरी तत्काल कामवासनाको परिपूर्तिको चाहना राख्ने कार्य गर्दछ। यो स्वार्थी र सुखको चाहना राख्ने प्रकृतिको हुन्छ। फ्रायडका अनुसार मान्छेका सारा क्रियाकलापहरूलाई निर्देशन र सञ्चालन गर्ने कामवृत्ति नै मानवीय जीवनको सर्वाधिक प्रबल शक्ति हो (श्रेष्ठ, २०५८, पृ. २२४)। मान्छेभित्रको पशुका रूपमा रहने इदले व्यक्तिका जैविक आवश्यकताहरू भोक, प्यास, निद्रा, कामुकता आदिको पूर्ति गरेर दैहिक सन्तुलन कायम गर्दछ। वातावरणको वास्तविकता र समाजको प्रतिबन्धको कुनै सरोकार नराख्ने चरित्र यसमा रहन्छ।

अहम्ले इद र उच्चाहम्लाई सन्तुलनमा राख्ने कार्य गर्दछ। यसले एकातिर इदको चाहनाहरूलाई तर्क वा अवस्थाको बोध गराई दमन गर्दछ भने उच्चाहम्को अपेक्षालाई पनि पूरा गरिदिन्छ। व्यक्तिको मानसिक पक्षसँग सम्बन्धित हुने अहम्ले चाहिँ व्यक्तिको अस्तित्व रक्षा गर्न भौतिक वातावरणको वास्तविकतासँग सोझो सम्पर्क स्थापित गर्दछ। यसले इदको जस्तो

पशुवत् व्यवहार गर्न र उच्चाहम्को जस्तो आदर्श पुरुष बन्न प्रेरित गर्दैन (भण्डारी, २०५८, पृ. ५५)। राक्षस र देवता दुवै जस्तो नदेखिने र मान्छेलाई मान्छे जस्तो बन्न सघाउने भएकाले यसलाई मान्छेभित्रको मान्छेका रूपमा चिन्न सकिन्छ।

उच्चाहम् भने नैतिकता, सामाजिकता तथा आदर्शपूर्ण व्यवहारसँग सम्बद्ध हुन्छ। चेतनसँग सम्बन्धित भएर रहने उच्चाहम्ले असल खराब, ठिक बेठिक वा उचित अनुचित छुट्ट्याउने शक्ति नै उच्चाहम् हो। यसले सामाजिक, नैतिक एवम् सांस्कृतिक पक्षको उत्तरदायित्व समालेर व्यक्तिलाई देवतातुल्य बनाउन सहयोग गर्दछ (भण्डारी, २०५८, पृ. ५५)। मान्छेलाई देवता जस्तो बन्न सघाउने भएकाले यसलाई मान्छेभित्रको देवता भनेर चिन्न सकिन्छ। इद मुख्यतः जैविक रूपबाट, अहम् मुख्यतः भौतिक वातावरणबाट र उच्चाहम् मुख्यतः सामाजिक र सांस्कृतिक रूपबाट अनुबन्धित हुन्छन्। त्यसैले इद, अहम्, र उच्चाहम्का प्रेरक तत्त्व पनि भिन्न भिन्न हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ। यौनमनोविज्ञानको अध्ययन अचेतन मन र इदसँग सम्बद्ध छ।

मनका स्वरूपको उद्घाटनसँगै साहित्यमा मनोविज्ञानवादको स्थापना हुन पुग्छ। त्रिपाठीका अनुसार अवचेतन मन र त्यसका अनुभूति प्रक्रियाका आन्तरिक स्वरूपको जानकारीबाट विभिन्न साहित्यिक वादहरू प्रकट भएका हुन् (त्रिपाठी, २०४९ पुनर्मुद्रण २०५८, पृ.१८२)। नाटक र आख्यानका क्षेत्रमा पात्रगत नाना प्रयोगहरू मनोवैज्ञानिक जानकारीबाटै प्राप्त भएका हुन् भन्ने यिनको मत छ। साहित्यमा अचेतन मनमा सञ्चित कुण्ठाहरूको उदात्तीकृत वा रचनात्मक–सिर्जनात्मक अभिव्यक्ति पाइने भएकाले (श्रेष्ठ, २०५८, पृ. २२४) अचेतन मनले साहित्य सिर्जनामा समेत भूमिका खेल्दछ भन्ने स्पष्ट हुन्छ। साहित्यमा मनोविज्ञानवादले पात्रको आन्तरिक पक्षको अध्ययन गर्दछ। यसले व्यक्तिका यौनेच्छा र तत्जन्य व्यवहारलाई मात्र अध्ययन नगरी यौनेत्तर बाह्य परिस्थितिका कारण व्यक्तिका मानसिकतामा परेको प्रभावको पनि अध्ययन गर्दछ। यसले बालक, युवा, वृद्ध र अपराधी आदिका गतिविधि वा व्यवहारबाट तिनका मानसिकताको उद्घाटन गर्ने भएकाले यसका विभिन्न रूपहरू देख्न सकिन्छ।

अपराधमनोविज्ञान आपराधिक कार्य वा व्यवहारको अध्ययन गर्ने विज्ञान हो। समाजमा अस्वीकार्य हुने व्यवहार नै अपराध हो र अपराधजन्य कार्यको अध्ययन गर्ने विज्ञानलाई नै अपराधमनोविज्ञान भनिन्छ। जैविक र वातावरणीय कारणले समाजमा अपराधको जन्म हुन्छ (सिंह, सन् १९९४, पृ. ५६२)। जैविक कारणअन्तर्गत पर्ने आनुवांशिकता एउटा कारण हो। थर्नडाइक तथा स्वार्ज नामक विद्वान्हरूले समाजमा यस प्रकारको अपराधको चर्चा गरेका छन्। वातावरणीय कारणमा सामाजिक कुपरम्परा पनि पर्दछ जसबाट समाजमा अपराधजन्य कार्य घटित हुन्छ। अपराध उपापराध र महापराध गरी दुई प्रकारको हुन्छ (रस्तोगी, सन् १९९१, पृ.३८९)। कम क्षति भएको अपराधलाई उपापराध र अत्यन्त क्षति भएको अपराधलाई महापराध भनिन्छ। यस्ता अपराधहरूको अध्ययन गर्ने विज्ञानलाई नै अपराधमनोविज्ञान भनिएको हो।

यस लेखमा कथाकार कृष्ण धरावासीको *झोला* कथासङ्ग्रहमा सङ्गृहीत उल्लिखित कथाहरूमा निहित मनोविज्ञानका उल्लिखित सिद्धान्तहरूको प्रयोग के कसरी प्रयोग भएको छ भन्ने मूल प्राज्ञिक समस्याअनुसार उक्त कथाहरूमा पाइएका विभिन्न मनोविज्ञानिक प्रयोगहरू प्रस्तुत गर्ने उद्देश्य लिइएको छ। यस शीर्षकमा हालसम्म कसैले पनि अध्ययन गरेको नपाइएकाले यो अध्ययन नवीन हुनुका साथै यसले अनुसन्धानगत रिक्ततालाई केही हदसम्म पूरा पनि गरेको छ। धरावासीको उक्त कथासङ्ग्रहमा रहेका कथामा निहित मनोवैज्ञानिक प्रयोगहरूको मात्र अध्ययन यस लेखमा गरिएकाले यो अध्ययन निश्चित सीमामा बद्ध पनि रहेको छ।

## विधि र सामग्री

यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ । यसमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ। कृष्ण धरावासीको *झोला* कथासङ्ग्रहका कथाका सान्दर्भिक पङ्क्तिहरूलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा र मनोविज्ञानको सिद्धान्त उल्लेख भएका पुस्तक तथा लेखहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। यी दुवै स्रोतका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन्। सामग्रीको विश्लेषणका निमित्त सूचकहरू निर्माण गरिएका छन्। तथ्यहरूलाई व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएकाले प्रस्तुतीकरणका लागि विश्लेषणात्मक ढाँचाको उपयोग गरिएको छ।

## परिणाम र छलफल

कृष्ण धरावासीको *झोला* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा प्रयोग भएको मनोविज्ञानको अवस्थालाई अध्ययन गर्न बालमनोविज्ञानको प्रयोग, यौनमनोविज्ञानको प्रयोग र अपराधमनोविज्ञानको प्रयोगलाई सूचकका रूपमा उपयोग गरिएको छ । बालमनोविज्ञानभित्र बालकका जिज्ञासु स्वभाव, पीडा र बाल मानसिकता आदि पर्दछन् । यौनमनोविज्ञानअन्तर्गत नरनारीबिचका यौनजन्य गतिविधिहरू पर्दछन् भने अपराधमनोविज्ञानभित्र व्यक्तिका आपराधिक व्यवहारहरू पर्दछन् । यी सूचकानुसार कथामा पाइएका तथ्यहरूलाई प्रस्तुत गरी तिनको व्याख्या विश्लेषण यहाँ गरिएको छ :

### बालमनोविज्ञानको प्रयोग

बालबालिकाका व्यवहार तथा आचरणको अध्ययन गरी साहित्यकारले उनीहरूको मानसिकताको उद्घाटन गर्न सक्छन्। बालमनोविज्ञानले बालबालिकाहरूका रुचि, इच्छा, चाहना वा भावनाको अध्ययन गर्नुका साथै बाल मानसिकतामा परेको प्रभाव वा असरलाई पनि आफ्नो अध्ययनको क्षेत्रभित्र समेटेको हुन्छ। धरावासीको *झोला* कथा सङ्ग्रहभित्र समेटिएका कथाहरूमा पाइएका बालमनोविज्ञानका केही प्रयोगहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

*झोला* कथासङ्ग्रहमा रहेको 'झोला' शीर्षकको कथामा 'म' पात्रका बाबु मरेपछि आमा सती जानुपर्ने अवस्था सिर्जना भएको छ । यस अवस्थामा आफू बाबु र आमा दुवै नभएको नितान्त असहाय बन्नुपरेको पीडाले बालक 'म' छटपटिएको छ। उसकी आमा सती जानै पर्ने समाजको ढिपी रहे पनि ऊ त्यसको प्रतिवाद गर्न पुग्छ र मर्ने बेलामा बाबुले भनेको कथनलाई प्रतिवादको आधार बनाउँछ । उसले भनेको छ : "बुबाले आमालाई सती नहुनु भनेको छ। आमा सती होइनन्, आमा सती होइनन् (पृ. २०) ।" 'म' पात्रका मनमा परेको पीडालाई यहाँ व्यक्त गरिएको छ। आमाको सहारा पाइने आशामा उसले बाबुसँग आमालाई सती जान बाध्य नपार्न गरेको आग्रहलाई समाजले स्वीकार गर्न सक्दैन र जबरजस्ती मृत पिताको लाससँग आमालाई जलाउन लगेको दृश्यले ऊ रुन पुग्छ । ऊ आमासँगै जान चाहन्छ तर काकीले बालकलाई जान दिन्नन् उसको त्यसबेलाको अवस्थालाई कथामा यसरी व्यक्त गरिएको छ : "रुँदारुँदा रुन नसक्ने भएको म रुन छोडेर टुलुटुलु हेर्न थालेँ । दिन क्रमशः अँध्यारो हुँदै गयो। काकीले रोक्तारोक्तै पनि म आह्लालो कुदेँ (पृ. २३) ।"

यस कथनमा एकातिर मातृ बिछोडका पीडाले बालकको मानसिकतामा परेको प्रभावको अभिव्यक्ति भएको छ भने अर्कातिर एक्लो र असहाय बन्नुपर्दा बालकका मानसिकतामा उत्पन्न पीडालाई प्रस्तुत गरिएको छ। यो बालमनोविज्ञानको अभिव्यक्तिको अर्को उदाहरण हो । बालकले आफ्नै आँखाअगाडि चितामा बाबु र आमा जलेर खरानी भएको दृश्य देखिसकेपछि अभिभावकविहीन बन्न पुगेको 'म' पात्र महाअनाथ भएको महसुस गर्न पुग्छ। उसले भनेको छ : "केही समयपछि आगोले आमाबाबु दुवैलाई खरानी बनाइसकेको थियो। अब म मेरो जीवनमा महाअनाथ बाँकी थिएँ (पृ.२४–२५) ।" यस

भनाइमा बालकको मानसिकताको अभिव्यक्त भएको छ । यसमा 'म' पात्र असाध्य निरीह र सहाराहीन बनेर छटपटिएको अवस्थाको चित्रण गरिएको छ । यसरी 'झोला' कथामा बालमनोविज्ञानका प्रयोगहरू देखिएका छन् ।

'एउटा सानो केटो' कथामा सानो केटो बाहुनको छोरो हुन्छ । एक दिन त्यो केटो बास बस्न अपरिचित व्यक्तिका घरमा जान्छ । त्यस घरका मानिसले यो कामीको घर हो तिमी यहाँ बास बस्छौ के त भनी बालकमाथि समस्या राखिदिएपछि त्यसको मनोविज्ञानमा गम्भीर असर पर्दछ । उसको त्यसबेलाको अवस्था यस्तो हुन्छ : "त्यस बालकको अनुहार स्वाट्टै झऱ्यो । हेर्दाहेर्दै ऊ नीलो, कालो भयो । केही बोल्न सकेन । टूवाल्ल परेर नपत्याउँदै भन्यो, "हैन होला ! किन ढाँट्नुहुन्छ (पृ. १०९) ?" यस अभिव्यक्तिमा कामीका घरमा बास बस्दा वा तिनले छोएको खाँदा जात जान्छ भन्ने मनोविज्ञान पालेको बालकमा जात जाने परिस्थिति बनेको ठानेर चिन्ता, भय र ग्लानि उत्पन्न भएको देखिन्छ । समाजले उसका मानसिकतामा भरिदिएको जातिवादी संस्कारबाट ऊ निकै ग्रसित भएको छ । उसको अनुहार खस्किनु, ऊ कालो नीलो हुनु र केही बोल्न नसक्ने अवस्थामा पुग्नुले उसको मनोदशा पराकाष्ठामा पुगेको पाइन्छ । बास बस्न गएको घरका मानिस बाहुन हुन् कि होइनन् भन्ने कुराको परीक्षण गर्न उसले तिनका काँधमा जनै भए नभएको निरीक्षण गर्छ । जब त्यसले मेरो शरीरमा जनै देखेन, त्यो साँच्चै नै कामीका घरमा पुगेको कुरामा विश्वास गर्छ । यसबाट ऊ अझ चिन्तित बन्न पुग्छ । त्यसबेलाको उसको व्यवहारलाई यहाँ यसरी प्रस्तुत गरिएको छ : "बसेको ठाउँबाट अलिकति पर सऱ्यो (पृ. १०९) ।" केटो बसेको ठाउँबाट अलिकति पर सर्नु भनेको उसका मनमा कामीका घरमा पुगेको निश्चितता कायम हुनु हो र गल्ती महसुस गरी आफूलाई सच्याउने प्रयत्न गर्नु हो । यस व्यवहारबाट केटाको मनोविज्ञानलाई उजागर गरिएको छ । त्यस्तै केटाले त्यस घरमा बास बस्न अनुपयुक्त ठानेर मनमनै अर्को घरमा बास बस्ने निधो गर्छ र नमिठो अनुभूतिका साथ अगाडि बढ्न थाल्छ । अब तिमी कामीको घरमा नबसी अर्केका घरमा बास बस्न जाने हो भनेर जिज्ञाशा राख्दा उसले अस्वीकार गर्न सक्दैन । ऊ नराम्रो अनुहार बनाएर टाउको मात्र हल्लाएर हिँड्न ठिक्क पर्छ । त्यसबेला उसको धारणा यस्तो थियो : "मैले बुझिसकेँ, तपाईँ कामी नै हो म अर्कै घरमा जान्छु (पृ. ११०) ।" यस भनाइमा उसको कामी जातिप्रतिको घृणा र बाहुनवादको अभिमान दुवै अभिव्यक्त भएको छ । ऊ कामीलाई तल्लो जातको मानिस मानेर तिनले छोएको खानुपर्छ भनेर त्यस घरमा बास बस्न नचाहेको बुझिन्छ । उसको मानसिकतालाई यस भनाइबाट राम्ररी प्रस्तुत गरिएको छ । उसलाई हामी कामी होइनौँ भनेर विश्वास दिलाउन खोज्दा समेत उसका मनमा गाडिएर बसेको विश्वास हट्दैन । ऊ भन्छ : "पहिला त लाग्दैनथ्यो तर अब त तपाईँ कामीजस्तै लाग्नुहुन्छ (पृ. ११०) ।" बाल मानसिकतामा एकपटक छाप परिसकेपछि त्यसलाई सितिमिति हटाउन सकिँदैन भन्ने कुरालाई यस कथनबाट पुष्टि गर्न सकिन्छ ।

'साँघु काट्नु' कथामा क्रान्तिकारी भनिएका व्यक्तिले खोलाको पुल काट्न पुग्छन् । बालकका हजुरबाले यस घट्ना बालकलाई सुनाउँछन् । हजुरबाका भनाइले त्यो आठ वर्षको सानो बालकमा अत्यन्तै कुतूहल पैदा हुन्छ । ऊ हजुरबाले भनेका कुरा राम्ररी बुझ्न सक्दैन । त्यसैले उसका मानसिकतामा अनेक जिज्ञासाहरू उत्पन्न हुन्छन् । यहाँ भनिएको छ : "क्रान्तिकारी भनेको के हो ? बम भनेको के हो ? जस्ता प्रश्नहरूले उसको मन पिरिरहन्थ्यो (पृ. ७०) ।" बालबालिकाहरू विज्ञासु स्वभावका हुन्छन् र उनीहरू अनेक प्रश्न गरेर आफ्ना जिज्ञासा मेटाउन चाहन्छन् भन्ने बालमनोविज्ञानको सिद्धान्तलाई त्यस बालकको व्यवहारबाट पुष्टि गरिएको छ । त्यस बालकमा अरू कुनै पनि नयाँ कुराप्रति चासो रहँदैन । नयाँ कुराबाट ऊ डराउन सक्छ तर उसका मनमा लागेको कुरा भने कसै गरी हट्न सक्दैन । यहाँ भनिएको छ : "त्यो पुल काटेको कुरा भने उसको दिमागबाट कहिल्यै गएन 'क्रान्तिकारीहरूले पुल काटे' पृ. ७२) ।" पुल काट्नु नराम्रो कुरा हो भन्ने बुझाइ उसमा छ र त्यस्तो कार्य गर्ने क्रान्तिकारीहरू पनि खराब मानिस नै हुन् भन्ने उसको बुझाइ रहेको छ । यो कुरा उसका मनबाट हट्न सकेको छैन । बाल मानसिकतामा परेको प्रभाव हत्तपत्त हट्न सक्दैन भन्ने कुरालाई यस कथनबाट पनि पुष्टि गरिएको छ ।

पुल काट्नका लागि क्रान्तिकारीहरूले सुपारी काट्ने औजारको प्रयोग गरेका थिए भन्ने उसले बुझेको छ । त्यसैले पुल काट्ने साधनप्रति नै उसमा घृणाभाव उत्पन्न हुन्छ र ऊ त्यस औजारबाट सुपारी काट्न मान्दैन । उसका धारणाहरू यस्ता रहेका छन् : "त्यस्तो पुल काट्नेजस्तै साँचोले काट्नुपर्ने यो सुपारी कसरी खानु होला ? क्रान्तिकारीहरूले पुल काटेको राम्रो कि नराम्रो होला...यो सुपारी काट्नेजस्तै साँचोले त्यो पुल काट्नु नराम्रो रहेछ । यस्तो नमीठो सुपारी काट्ने साँचोले काट्ने काम गर्नु के राम्रो हुन्थ्यो र (पृ.७३–७४) ?" यस भनाइमा पनि बाल मानसिकतालाई राम्ररी वर्णन गरिएको छ । बालकमा मनमा के कसरी धारणा निर्माण हुन पुग्छ र त्यसले बालकलाई कसरी प्रभाव पार्दछ भन्ने कुरालाई यहाँ उल्लेख गरिएको छ । यी कथाहरूका आधारमा कृष्ण धरावासी बालमनोवैज्ञानिक कथाकार हुन् भन्ने कुरा स्वतः पुष्टि हुन गएको छ ।

**यौनमनोविज्ञानको प्रयोग**

नरनारीका परस्परका चाहनाहरू यौनमनोविज्ञानका अध्ययनका विषयहरू हुन् । साहित्यमा त्यस्ता प्रयोगहरूलाई प्रस्तुत गरिएको पाइन्छ । चेतनाचेतन मनका यौनजन्य गतिविधिहरूलाई प्रस्तुत गर्दै रचना गरिएका साहित्यहरू नै यस वर्गमा पर्ने गर्दछन् । यहाँ कृष्ण धरावासीले रचना गरेको *झोला* कथासङ्ग्रहमा समेटिएका कथाहरूमा व्यक्त यौनमनोविज्ञानका केही प्रयोगहरूलाई प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ :

'मास्टरबाबु' कथाका पात्र मास्टरबाबुले उनका कोठामा गरेको गतिविधिलाई 'म' पात्रले पछाडिबाट हेर्ने मौका पाउँछन् । मास्टरबाबुले कोठमा पुगेर गरेको व्यवहार यस्तो हुन्छ :

> "उनले बिस्तारै त्यो कालो कपडालाई पर्दाझैँ एकतर्फ सारे । म आफ्नो ठाउँमा तर्सेँ । पर्दा सार्नासाथ भित्तामा एउटा आश्चर्यजनक तस्बिर देखियो । पर्दाले ढाकेको जस्तो आकारको त्यो पूर्ण तस्बिर सर्वाङ्ग नाङ्गो थियो । कपाल एकातिर छरिएको, यौनउत्तेजक अनुहार र पोटिला स्तन भएकी एउटी निर्वस्त्र सुन्दरीको चित्र तर त्यो चित्रकी युवतीको अनुहार भने मेरी श्रीमतीको थियो । तस्बिरनजिकै उभिएर मास्टरबाबुले बिस्तारै तस्बिरकी नारीका विभिन्न अङ्गहरूमा हात घुमाउन थाले । मेरो शरीर निथ्रुक्क भिज्यो पसिनाले (पृ. १३५) ।"

यस कथांशमा मास्टरबाबुको अतृप्त यौन चाहनाको चित्रण गरिएको छ । 'म' पात्रकी श्रीमतीको नाङ्गो तस्बिर कोठामा राख्नु र कोही नभएका बेलामा तस्बिर उघारेर तिनका विभिन्न अङ्गमा हात घुमाउनुलाई उनका अचेतन मनमा सञ्चित अतृप्त चाहनाको अभिव्यक्ति मान्न सकिन्छ । उनमा कतिसम्मको यौन कुण्ठा रहेको छ भन्ने कुरा अर्काकी श्रीमतीको तस्बिरलाई आफ्नै कोठामा कालो कपडाले छोपेर राख्नुबाट बुझ्न सकिन्छ । राकेशले भनेझैँ यो प्रयोग मानसिक कुण्ठा र ग्रन्थिले युक्त यौनको अभिव्यक्ति हो (२०६७, पृ. १२) । यसले मास्टरबाबुको यौनजन्य व्यवहारको परिचय स्पष्ट रूपमा दिएको छ ।

'बसकी केटी' कथामा 'म' पात्र बसबाट काठमाडौँदेखि घरतर्फ आउँदा बसमा भएका गतिविधिहरूको वर्णन गरिएको छ । रात्रिकालीन बसमा 'म' पात्रको नजिकको सिटमा बसेकी युवतीसँग सँगै यात्रा गर्न पाउँदा उनलाई भित्रैदेखि आनन्दको अनुभव भएको छ । उनका अचेतन मनमा निहित यौन चाहना जागृत हुने अनुकूल वातावरण उपलब्ध भएकाले उनमा यस प्रकारको आनान्दानुभूति हुन गएको हो । उनले गरेको अनुभवलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> ठ्याक्क एउटी पूर्ण वयस्क नवयुवती नै आफ्नो छिमेकी सिटमा एक्ली यात्री हुन आउनु पनि त रमाइलै संयोग हो नि । मनमा एक प्रकारको मीठो आनन्द बिस्तारै रसाउँदै आउन थाल्यो । र, म क्रमशः मीठो जीवनरसमा भरिँदो भएँ । अघि कन्टेक्टरले भनेका कुरा सुन्ने सहयात्रुहरूका आँखा तीखातीखा र कान ठाडाठाडा भएका मैले अनुभव गरेँ । सबैले कुनै न कुनै ढङ्गले मलाई र मेरी सहयात्रीलाई हेर्ने प्रयत्न गरिरहेका थिए । (पृ. १४०–१४१) ।

यहाँ रात्रिकालीन बसमा छिमेकी सिटमा यौवनवती एक्ली नारीको सामीप्य नै युवकका मनमा आएको आनन्दको कारण बनेको छ । उनका मनले यौवनमत्त भिन्न लिङ्गको निकटताबाट प्राप्त हुने सुविधा चाहिरहेका कारण नै उनमा मिठो आनन्द रसाउन पुगेको

हो । जीवनरसले भरिएर आउनुको कारण पनि त्यही नै हो । त्यस युवतीप्रति आकर्षित भएको उनको अचेतन मनले खोजेको सुखानुभूति प्राप्त हुने अवस्थाले युवक खुसीका क्षणमा पुगेको हो । यसर्थ यहाँ यौनमनोविज्ञान अभिव्यञ्जित भएको छ । उनी युवतीलाई कहाँसम्म जाने हो भनेर पनि प्रश्न गर्छन् र झापातक पुग्नुपर्ने युवतीको उत्तरले झन् बढी खुसी हुन्छन् । उनले भनेका छन् : "ए हाम्रो यात्रा रातभरिलाई सँगै हुने भएछ, खुसी लाग्यो (पृ. १४२) ।" केही क्षणका लागि मात्र युवतीको सान्निध्य प्राप्त नभई रातभरि नै उपलब्ध हुने हुँदा बढी खुसी भएका हुन् । यसरी लामो समयसम्म उनको सामीप्यबाट प्राप्त हुने अनुभूति नै हर्षको कारण बनेको देखिन्छ । यात्रामा युवतीसँग उनी बोल्न चाहन्छन् र बोलीको प्रारम्भ परिचयबाट आदानप्रदानबाट हुन्छ । सामान्य परिचय समाप्त भएपछि उनी फेरि बाहिर हेर्न थाल्छिन् भने 'म' पात्र पत्रिकामा आँखा लगाउन थाल्छन् तर उनका आँखा र मनले पत्रिकाका अक्षर पढिरहन सक्दैनन् । पत्रिकाका अक्षरमा आँखा बेकारले घोटिएका मात्र थिए, पढिरहेका थिएनन् (पृ. १४२) भन्ने उनको भनाइले यस कुरालाई समर्थन गर्दछ । यात्राका अवधिभर दुवैजना अनेक पटक ठोक्किन पुग्छन् तर सामान्य ठोकाइलाई पनि उनी युवतीमा नजिकिने चाहनाले ठोकिन आइपुगेकी हुन् भन्ने अनुमान गर्दछन् । तथापि उनको चेतन मनले नैतिकताको कुरा स्मरण गरी उनलाई सामान्य बन्न प्रेरित गरिरहेको हुन्छ । उनले भनेका छन् :

> "तर लोग्नेमान्छेको मन भएर होला, त्यो सामान्य ठोकाइलाई पनि म असामान्य अर्थ लगाउन खोज्थेँ । एउटा यात्रामा संयोगले एउटै सिटमा बसेर एक रात सँगै हिँडिरहेका दुई अपरिचितहरूबीच हदभन्दा हदमा कति नै आत्मीयता बढ्न सक्छ र ? फुक्का, स्वतन्त्र पुरुष मनले तर मैले त्यसलाई त्यति गम्भीर रूपले लिने विचार गरिनँ । फेरि पनि ममा रहेको नैतिकताले मलाई त्यति असहज र अधीर भने हुन दिएन  (पृ. १४२) ।"

यहाँ सहयात्रीहरू यौवनावस्थामा रहेका भए पनि कम परिचित हुनुका साथै अनभ्यस्त निकटताले 'म' मा उस्तो सीमा नाघ्ने इच्छा जागृत भएको पाइँदैन । त्यसमा पनि उनमा चेतन मन सक्रिय भएकाले नैतिकताको सोचाइ आएको पाइन्छ । चेतन मनले अचेतन मनका गतिविधिलाई यहाँ सक्रिय हुन दिएको छैन । रातका समयमा अँध्यारो भए तापनि 'म' ले युवतीलाई हेर्दा उनी झ्यालबाहिर हेरिरहेकी हुन्छिन् । 'म' ले पनि झ्यालबाहिर हेर्ने निहुँले उनको आफूपट्टिको गाला, एउटा कान, नाकको एकपाटो, आधा निधार, आफैँपट्टिको कपाल, सब आधाजति हेर्छन् । शिरदेखि तिघ्रासम्म हेरे पनि त्यहाँभन्दा मुनिको भाग छेलिएको हुन्छ (पृ. १४४) । नारीका उक्त अङ्गहरू सौन्दर्यका सूचक भएकाले यिनले पुरुषका लागि आकर्षण बढाउने काम पनि गरेका हुन्छन् । अचेतन मनले उनको रूपाकृति हेरेर आनन्दित हुन चाहेकाले 'म' ले युवतीलाई हेर्न पुगेको हो । नदेखिएको वा छोपिएको भागसमेत उनले हेर्न चाहेका छन् । 'त्यहाँभन्दा मुनिको भाग छेलिएको थियो' भन्ने पङ्क्तिको आशय यही हो । यात्राका क्रममा बिस्तारै उनले आफ्नो अनुहार 'म' तिर घुमाउँछिन् । यसबेला 'म' का अनुभवलाई यसरी प्रस्तुत गरिएको छ : "मलाई चोरी पक्राउ परेजस्तो भयो । छातीभित्र केही गुजगुजाएझैँ लाग्यो । झट्टै आँखा जुधे । उनको अनुहारमा पहिलेकै जस्तो गम्भीर औपचारिक मुस्कान थियो, मैले पनि पारेँ आफ्नो अनहार त्यस्तै (पृ. १४४) ।" एक अर्काको हेराइबाट उत्पन्न गम्भीर औपचारिक मुस्कानले उनीहरूका बिचमा घृणा, अनास्था वा बेचैनी महसुस नभई रुचिकै भावनालाई अभिव्यक्त गरेको छ । भिन्न लिङ्ग भएकाले यस प्रकारको रुचिपूर्ण आकर्षण हुनु मनोवैज्ञानिक दृष्टिले स्वाभाविक नै देखिन्छ ।

युवती केही लेख्न खोज्छिन् तर उनीसँग लेख्ने कलम हुँदैन । उनलाई लेख्नका लागि 'म' ले नै डटपेन दिएका हुन्छन् । डटपेन फिर्ता दिएर उनी फेरि झ्यालबाहिरै हेर्न थाल्छिन् । एकछिनपछि उनले आफ्नो देब्रे हातको कान्छी औँलो आफ्नो दुवै ओठका बिचमा राखेर चुसिरहेको दृश्य देख्छन् । उनलाई त्यो दृश्य भने निकै आकर्षक लाग्छ । निकैबेरसम्मै त्यो औँलो ओठका बिचमै हुन्छ र त्यो औँलो त्यहीँ भएसम्म उनलाई पनि खासै अन्ततिर हेर्न वा सोच्न मन लाग्दैन (पृ. १४५) । उनमा यौनजन्य चाहना छ भन्ने सङ्केतका रूपमा उनले औँला दुवै ओठका बिचमा राखेर चुसेकी छिन् भने त्यस्तो दृश्य हेरिरहेर 'म' ले पनि सोही चाहना छ भन्ने सङ्केत गरेका छन् । यहाँ उनीहरूका बिचमा प्रजननकै उद्देश्य त देखिँदैन तथापि प्रजननको उद्देश्य नभएका हस्तमैथुन या चुम्बन

जस्ता धेरैजसो कुराहरू पनि निःसन्देह यौन प्रवृत्तिहरू हुने भएकाले (फ्रायड, २०७२/७३, पृ. १२७) उक्त व्यवहारलाई यौनमनोव्यापार भन्न सकिन्छ।

केही समयसम्म युवती मौन बस्छिन्। मौनता निकै निरस हुन थाल्छ। 'म' पात्र उनको मौनताको अर्थ उनमा पुरुषप्रति निरसता उत्पन्न भएको हो भन्ने अनुमान गर्दै निरसताको अनुभूति गर्न पुगेका हुन्। उनी आफ्नै सहयात्री भएको पाउँदा लागेको खुसी र पलाएको आनन्द बिस्तारै सुक्तै जान्छ र उनी स्वाभाविक मानिस हुन पुग्छन् (पृ. १४५)। अचेतन मनका व्यापारबाट सचेतता अपनाउँदै उनी पनि तटस्थ यात्रीका रूपमा आफूलाई परिणत गर्न पुग्छन्। उनी मतिर फर्कँदा सुरुकै जस्तो सहृदय अनुहार प्रस्तुत गरेका बेलामा उनका मौन गतिविधिहरू उनका लागि आसलाग्दो आकर्षणका केन्द्र पनि बन्न पुग्छन् र आनन्द आउने अभिलाषामा रहन्छन्। निदाएका बखत युवतीका लागि असजिलो बन्न पुगेका उनलाई युवतीले एकाएक पाखुरामा समातेर हल्लाउँछिन्। 'म' झसङ्ग भएर उनीतिर फर्कन्छन्। तर के भएर हो उनी 'सरी' मात्र भन्छिन् र एकदमै लजाएजस्ती भएर अर्कोतर्फ फर्कन्छिन् (पृ. १४६–१४७)। पुरुषको पाखुरा समाउन चाहने उनको अचेतन मनको इच्छा त पूरा हुन्छ र झुक्किएर त्यसो हुन गएको भन्ने अभिप्रायमा उनले 'सरी' शब्द प्रयोग गरी लजाए जस्ती भई अर्कोतर्फ फर्कन पुग्छिन्। उनी ओर्लने बेलामा केही भन्न खोजिरहेकी भए पनि भन्न सकिरहेकी हुन्नन्। गाडी सुस्त गतिमा अघि बढेपछि उनी "माफ गर्नुहोला" भन्न पुग्छिन्। गाडी हिँडेपछि उनले हात हल्लाइदिन्छन् र उनी पर पुगुन्जेलसम्म युवती त्यहीँ उभिएर हात हल्लाइरहेकी हुन्छिन् (पृ. १४७)। यी दुवैका उक्त व्यवहारले उनीहरूका परस्परका चाहनालाई अभिव्यञ्जित गरेका छन्।

'विश्वास' कथाकी पात्र पत्नी उनका पतिभन्दा झन्डै दस वर्ष कान्छी हुन्छिन्। बेलैमा दुई भाइ छोरा हुर्किएपछि फेरि सुत्केरी व्यथा खप्नु नपरेकाले शरीरको रूप र स्वास्थ्य दुवै सुन्दर र आकर्षक नै हुन्छ। त्यसलाई त्यस्तै राख्न उनी निकै मेहनत गर्छिन्। पतिलाई पनि कपाल, जुँगा रँगाइदिन्छिन्। उनलाई सुख भनेको यही होला जस्तो लाग्दछ (पृ. ९६)। उनी जवान भएकी हुँदा पति पनि जवान बनेको हेर्न चाहने उनको इच्छाका कारण उनले पतिको कपाल र जुँगा रँगाइदिएकी छन्। यसलाई यौन चाहनाद्वारा प्ररित कार्य भन्न सकिन्छ। उनका पति बाहिर काममा गइरहन्थे। त्यसबेला उनी पतिले समय नदिएकामा चिन्तित पनि बन्न पुग्छिन्। पति घरमा बस्न थालेपछि पत्नीलाई भान्सामा खट्न मन लाग्न थाल्छ। पतिको स्वादको खाना बनाउन, पतिका लुगा धुन पनि उनलाई जाँगर चल्न थाल्छ। फुपूले बुढेसकालमा काम सघाउन थालेको रमोलालाई त्यति मन पर्दैन (पृ. ९७)। पतिले समय दिन थालेपछि पत्नीका मनमा पतिप्रति श्रद्धाभाव उत्पन्न हुनुका साथै पतिको क्षमता विकासका लागि अनेक यत्न गर्न पुगेकी छन्। उनको यस प्रकारको सक्रियता यौनपरक व्यवहार हो भन्न सकिन्छ।

पत्नीलाई काममा हलुका भएकाले उनी छिनछिनमा केटालाई बोलाइरहने, काम अह्राइरहने गर्छिन्। रविन रविन भनेर पत्नीले बोलाएको र बेलाबेला केटो र पत्नी हाँसेको सुनिरहन्छन्। पत्नी रविनलाई जिस्क्याउँदै भन्छिन्, "यत्रो जुँगामुठे हुन आँटिसक्यो मोरो, कुरा केटीजस्तो गर्छ हेर्दै लोग्नेमानिसजस्तो देखिन थालिस् ऐ अचेल तँ" (पृ. १०२)। पत्नीका यस्ता बोली र व्यवहार उनमा निहित अतृप्त यौनजन्य चाहनाका अभिव्यक्ति हुन्। पति कमजोर हुँदा उनका वासनात्मक चाहना केटातर्फ अभिमुख हुन पुगेका छन्। केटाको यौवनावस्था र जुँगामुठे लोग्नेमान्छे जस्तो देखिएको केटाको रूपबाट केटालाई उनले मनपराउन थालेकी छिन्। यसैको परिणामस्वरूप केटालाई जिस्क्याउने तथा बारम्बार बोलाउने गर्न पुग्छिन्। बाहिरबाट हेर्दा केटालाई कामका लागि बोलाएजस्तो देखिए पनि त्यसो गर्नुको भित्री आशय चाहिँ पत्नीमा भिन्न लिङ्गप्रतिको आकर्षण र अतृप्त यौन चाहना भएकाले पत्नीको उक्त प्रकृतिको बोली र व्यवहार यौनमनोवैज्ञानिक दृष्टिले महत्त्वपूर्ण रहेका छन्।

पति मधेस गएका बखतमा पत्नी पनि उतै गएकी हुन्छिन्। त्यहाँ पतिले उनलाई यो मधेस भएकाले गर्मी त हुन्छ नि बज्यै भनको सुनेर पत्नीलाई अनौठो र नमिठो लाग्छ। आफू बुढी हुन र बुढी भएको सुन्न नचाहने पत्नीलाई पतिका मुखबाट 'बजै' शब्द सुन्नासाथ कताकता 'आफू सातै दिनमा यति बुढी भएँछु' जस्तै लाग्छ पृ. १०४)। यसबाट व्यक्ति आफू यौनका दृष्टिले असक्षम बन्न चाहँदैन भन्ने बुझिन्छ। प्रकृतिको नियमबमोजिम व्यक्ति सधैँ जवान भइरहन नसक्ने वा नपाउने भए पनि सधैँ अरूबाट जवान

र राम्रो वा राम्री भनेको सुन्न चाहनुको मुख्य कारण उसमा निहित यौन चाहना नै हो । यही भएर पत्नीलाई 'बज्यै' शब्दले नमिठो अनुभूति भएको छ ।

'भो छाड्नुहोस ती पुराना कुरा' कथाका पात्र 'म' की पत्नी पोइल गएको दुई वर्ष पुगेको हुन्छ । यत्रो समय परपुरुषसँग बिताएर पनि पत्नी निशङ्कोच कुनै रात उनीसँग सुत्न आइपुग्छिन् । पोइल गएकी पत्नी उनीसँग सुत्न आउँदा उनमा क्रोध वा ईर्ष्या उत्पन्न हुनुपर्नेमा त्यस्तो हुन गएको पाइँदैन । उनीहरू मित्रवत् कुराकानी गर्छन् । उनीहरूका बिचको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ : "यति राति किन आएकी ? तिमीले यस्तो बेला यहाँ नआउनुपर्थ्यो ।" उसले ओठभरि लालीजस्तै हाँसो पोतेर मेरो कानेर मुख ल्याएर भनी, "उसो भए म गइहालुँ त ('भो छाड्नुहोस ती पुराना कुरा' पृ. ८०–८१) ?" पति उनलाई तुरुन्त गैहाल भन्न सक्दैनन् । बरु उनलाई दुई वर्षअघिको कुनै रात ह्वात्तै फर्किएजस्तो लाग्छ । एकाएक उनी भावनामा डुब्दै जान्छन् र निकैबेरपछिसम्म उनीहरू एकअर्काको अँगालोमा हुन्छन् र त्यो भन्दा पनि पछि अर्कैअर्कैतिर फर्किएर सुत्न पुग्छन् । यसरी उनीहरूमा निहित अतृप्त यौन चाहनाले उनीहरूलाई एकै ठाउँमा ल्याइदिएको छ र एकै ओछ्यानमा सुत्न सक्ने तुल्याइदिएको छ । पोइल गइसके पनि पति पत्नी निरन्तरताको सम्बन्धमा रहनुमा यौन चाहना नै कारक बन्न पुगेको पाइन्छ । व्यक्तिमा यौनको शक्ति कस्तो हुन्छ भन्ने कुरालाई यहाँ व्यक्त गरिएको छ ।

'इस्कुस' कथामा जागिरका सिलसिलामा पहातिर बस्न पुगेको पुरुष घर फर्कँदा तरकारी लिएर जान चाहन्छ । उसको घर तराईमा भएकाले त्यहाँ इस्कुसको तरकारी मन पराइने भएकाले ऊ इस्कुस किन्न इच्छुक हुन्छ र इस्कुसका छिप्पिएका दाना छान्छ । अलिक तलदेखि अनौठोसँग खुम्चँदै गएर फेदमा केही चिरिएजस्तो र त्यही ठाउँमा भित्रैदेखि जिभ्रो चेपिएर निस्किएका इस्कुसका दानाहरू एकक्षण घोरिएर हेरिरहन्छ । हेर्दाहेर्दै उसलाई आफ्नै शरीर अनौठो किसिमले अप्ठ्यारो हुँदै आएको अनुभव हुन्छ र टोलाउँछ (पृ. ८८) । धेरै दिनसम्म पत्नीबाट टाढा रहनुपर्दा उसमा यौन चाहना बढेको छ । त्यही भएर उसले छिप्पिएको इस्कुसलाई हेरेर पत्नीको यौनाङ्गको परिकल्पना गरेर टोलाउन पुगेको छ । त्यति मात्र होइन, उसले भित्तामा टाँसेको गाईको पोस्टर हेरी त्यसको पृष्ठभागको अङ्गसँग नियाल्छ । त्यसलाई सम्झेर उसले चार पाउ टेकेर घोप्टो परेकी निर्वस्त्र सुन्दर स्त्रीजस्तो रूप ठान्न पुग्छ र त्यसबेला उसको शरीर जिरिङ्ग भएर आउँछ । कल्पनामा उसले त्यो गाईको घाँटीभन्दा माथि आफ्नै पत्नीको टाउको जोड्छ र पछि झसङ्ग पनि हुन्छ तर पनि उसलाई त्यो पोस्टरबाट आँखा हटाउन मन लाग्दैन र निकैबेर हेरिरहन्छ ('इस्कुस', पृ. ८९) । भोलिपल्ट घरमा उसले इस्कुस किन्ने बेलाको अवस्था सम्झँदै अहिले पत्नीका हातमा ताछिँदै गरेको इस्कुसलाई हेर्दछ तर उसले इस्कुसमा हिजोको जस्तो कुनै विशिष्ट कुरा देख्दैन । पत्नीका अघि तरकारी खानका लागि साधारण इस्कुसहरू हुन्छन् (पृ. ९२) । धेरै दिनसम्म पत्नीबाट टाढा रहँनु पर्दा जागिरे पुरुषका मनमा यौन चाहना बढेर इस्कुसमा विशिष्ट कुरा देखे पनि र गाईको नाङ्गो तस्बिर हेरेर एकोहोरिए पनि राती पत्नीको साथ पाएपछि ऊ मानसिक रूपले शान्त बन्न पुग्छ । मानसिक रूपमा सन्तुष्टि पाइसकेपछि भने इस्कुसलाई उसले साधारण तरकारी मात्र देख्छ । यसरी व्यक्तिलाई यौन चाहनाले के कसरी तरङ्गित तुल्याउँछ भन्ने कुरालाई यस कथामा स्पष्ट पारिएको छ ।

## अपराधमनोविज्ञानको प्रयोग

अरूका व्यवहार वा कार्यमा शङ्का गर्ने, अरूको अहितमा सोच्ने, काम गर्ने तथा अरूलाई हानि नोक्सानी पुऱ्याउने गरी कार्य गर्ने मान्छेको प्रवृत्ति सदियौँदेखि व्यक्त हुँदै आएको पाइन्छ । इतिहास, पुराण आदिमा वर्णित घटना वा कार्यलाई हेर्ने हो भने कहीँ न कहीँ यस्ता कुराहरू फेला पार्न सकिन्छ । मान्छेमा निहित यस्तो प्रवृत्ति आजसम्म पनि देख्न सकिन्छ । यस प्रकारको प्रवृत्तिलाई नै अपराध भन्न सकिन्छ भने यस्ता प्रवृत्तिजन्य कुराहरू चाहिँ अपराधमनोविज्ञानका अध्ययनका विषयहरू हुन् । *झोला* कथासङ्ग्रहका कथामा पाइएका यस प्रकारको मनोविज्ञानसँग सम्बद्ध केही प्रयोगहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

> एउटा मान्छेले परबाट एउटा ढुङ्गा हान्यो, त्यसले लागेन । त्यसपछि अर्कोले हान्यो, लागेन । निक्कै नजिक पुगिसकेको अर्कोले हान्यो, तिनको ढाडमा लाग्यो । ढुङ्गाको तोडले हुत्तिँदै अलिक पर पुगेर घुँडा टेकिन् । उठ्नै नपाई अर्को ढुङ्गो उनको टाउकोमा लाग्यो । तैपनि उठेर बालुवामा कुद्न खोजिन्, सकिनन् त्यसपछि अर्को ढुङ्गोले फेरि टाउकोमा लाग्यो । तिनी बगरमा ढलेर छटपटाउन थालिन् ('झोला', धरावासी, २०७८, पृ. ३६) ।

झोला कथाका पात्र 'म' का पिताजीको मृत्यु भएपछि उसकी आमा चाहिँ मृत पतिसँग सती जान चाहिरहेकी हुन्नन् । तर आमालाई त्यसबेलाको समाजले जबरजस्ती सती जान बाध्य पार्दछ । चितामा चढाइएकी आमा भने चिताको ताप खप्न नसकी चिताबाटै ओर्लेर भाग्न थाल्छिन् । मलामीहरूले भाग्दै गरेकी आमालाई ढुङ्गाले हान्न थाल्छन् । चितामा जलेर मर्नुपर्ने नारी भागेर बाँच्न खोजेको देख्दा उनीहरूमा आपराधिक सोचाइ उत्पन्न हुन्छ ढुङ्गाले हानेर मार्न खोजेका छन् । मानवतावादी भावना नभएका र पूर्णतः अपराधमा उत्रेका ती मलामीजनको व्यवहार अपराधमनोविज्ञानका दृष्टिले चर्चायोग्य देखिएको छ ।

**निष्कर्ष**

कृष्ण धरावासीको *झोला* कथासङ्ग्रहमा रहेका कथाहरूमा बालमनोविज्ञान, यौनमनोविज्ञान र अपराधमनोविज्ञानको प्रयोग भएको पाइन्छ । बालमनोविज्ञानभित्र बालकका जिज्ञासु स्वभाव, पीडा र बाल मानसिकताको वर्णन गरिएको छ भने यौनमनोविज्ञानअन्तर्गत नरनारीबिचका यौनजन्य रूचि र गतिविधिहरूको वर्णन गरिएको छ । अचेतन मनमा निहित यौन चाहना र चेतन मनको सचेतनालाई यस कथासङ्ग्रहमा प्रस्तुत गरिएको पाइन्छ । अपराधमनोविज्ञानभित्र व्यक्तिका आपराधिक व्यवहारहरूलाई उजागर गरिएको छ । 'झोला', 'एउटा सानो केटो' र 'साँघु काट्नु' कथाहरूमा बालमनोविज्ञानको प्रयोग पाइएको छ । 'मास्टरबाबु', बसकी केटी, विश्वास, 'भो छाड्नोस् ती पुराना कुरा' तथा 'इस्कुस' कथाहरूमा यौनमनोविज्ञानको प्रयोग छ भने 'झोला' कथामा अपराधमनोविज्ञानको प्रयोग पाइन्छ । 'एउटा सानो केटो' र 'साँघु काट्नु' कथाहरूमा बालमनोविज्ञानको प्रयोग अपेक्षाकृत रूपमा उच्च पाइएको छ भने 'मास्टरबाबु', बसकी केटी, तथा 'इस्कुस' कथाहरू यौनमनोविज्ञानको प्रयोगका दृष्टिले तुलनात्मक रूपमा अधिक सबल छन् । धरावासीको यस कथासङ्ग्रहका कथामा यौनमनोविज्ञानको उच्च प्रयोग पाइएको छ । यी कथाका आधारमा कृष्ण धरावासी बालमनोविज्ञान, यौनमनोविज्ञान र अपराधमनोविज्ञानको प्रयोग गरी कथा लेख्ने सफल मनोवैज्ञानिक कथाकार हुन् भन्न सकिन्छ ।

## सन्दर्भसामग्री

त्रिपाठी, वासुदेव (२०४९ पुनर्मुद्रण २०५८). *पाश्चात्य साहित्यिको सैद्धान्तिक* परम्परा भाग २, (तेस्रो संस्क.), साझा प्रकाशन ।

धरावासी, कृष्ण (२०७८), *झोला*. (पाँचौँ संस्क.), पैरवी बुक हाउस प्रा. लि. ।

फ्रायड, सिग्मन्ड (२०७२/७३). *फ्रायडको मनोविश्लेषण* (दोस्रो संस्क.), (अनु.सुमित्रा सिंह), सुवि प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५८). *फ्रायड र मनोविश्लेषण*, (दोस्रो संस्क.), साझा प्रकाशन ।

रस्तोगी, जी. डी. (सन् १९९१) . *मनोविकृति एवम् उपचार*, वाइली इस्टर्न लिमिटेड ।

राकेश, रामदयाल (२०६७), *नेपाली कविता विभिन्न आयाम*. (दोस्रो संस्क), साझा प्रकाशन ।

शर्मा, जे. डी.(सन् १९८४), *सामान्य मनोविज्ञान*. (पाँचौँ संस्क), लक्ष्मीनारायण अग्रवाल ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८). *पूर्वीय एवम् पाश्चात्य साहित्य–समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (तेस्रो संस्क.), साझा प्रकाशन ।

सिन्हा, राजराजेश्वरी र मिश्र, ब्रजकुमार (सन् १९९१). *सामान्य मनोविज्ञान* (तेस्रो संस्क.), भारती भवन पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।